सामाजिक सुरक्षा कोष

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण कार्यविधि, २०८२

सञ्चालक समितिबाट स्वीकृत मितिः २०८२।५।....

प्रस्तावना: सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) नियमावली, २०८१ तथा नियमनकारी निकायको निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न गराउन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७त. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सामाजिक सुरक्षा कोषको सञ्चालक समितिले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले कोषको केन्द्रीय कार्यालय, शाखा कार्यालय वा सम्पर्क कार्यालय सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापित सामाजिक सुरक्षा कोष सम्झनु पर्छ।

(घ) "ग्राहक" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिमको योगदानकर्ता र कोषमा सूचिकृत रोजगारदाता सम्झनुपर्छ।

(ङ) "जोखिम व्यवस्थापन तथा अनुगमन समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ।

(च) "निर्देशन" भन्नाले ऐनको दफा ७न. को उपदफा (२) बमोजिम कोषको नियमनकारी निकायबाट जारी भएको निर्देशन सम्झनु पर्छ।

(छ) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ सम्झनु पर्छ।

(ज) "सूचीकृत व्यक्ति, समूह वा सङ्गठन" भन्नाले ऐनको दफा २९ङ. र २९च. बमोजिम सूचीकृत व्यक्ति, समूह वा सङ्गठन सम्झनु पर्छ।

परिच्छेद- २

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सङ्गठनात्मक व्यवस्था तथा जिम्मेवारी

३. सञ्चालक समितिको जिम्मेवारी: सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा सञ्चालक समितिको जिम्मेवारी देहाय बमोजिम रहनेछः-

(क) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीतिगत व्यवस्था गर्ने,

(ख) ऐनको दफा ७घ. र ३५ बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धमा कोषको जोखिम पहिचान तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित कानूनी व्यवस्था र सो सम्बन्धी कोषको नीति तथा कार्यविधिको कार्यान्वयनको लागि सङ्गठनात्मक संरचना, जिम्मेवारी तथा भूमिका निर्धारण गर्ने,

(घ) जोखिम व्यवस्थापनको दृष्टिकोणबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण नीति तथा कार्यविधिको कार्यान्वयन सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण गर्ने वा गराउने,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा कोषलाई आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(च) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधिको संशोधन, परिमार्जन तथा पुनरावलोकन गर्ने।

४. जोखिम व्यवस्थापन तथा अनुगमन समिति: (१) कोषको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिमको व्यवस्थापन तथा यस कार्यविधि बमोजिमको व्यवस्था कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्न कोषमा देहाय बमोजिमको जोखिम व्यवस्थापन तथा अनुगमन समिति रहनेछः-

(क) सञ्चालक समितिले तोकेको एक जना सञ्चालक – संयोजक

(ख) कोषको कार्यकारी निर्देशक – सदस्य

(ग) कोषको उप-कार्यकारी निर्देशक (मानव संसाधन हेर्ने) – सदस्य

(घ) कोषको लगानी महाशाखा प्रमुख – सदस्य

(ङ) कार्यान्वयन अधिकारी – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको जोखिम व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) ऐन, नियमावली, निर्देशन तथा यस कार्यविधि बमोजिमको कार्य गर्न गराउन जिम्मेवारी तोक्ने,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको जोखिम पहिचान तथा मूल्याङ्कन गरी वा गराई जोखिमको आधारमा काम कारबाही हुने व्यवस्था गर्ने,

(ग) दफा ९ बमोजिमको जोखिम पहिचान तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेस गर्ने,

(घ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी पहिचान भएको कोषको जोखिमको आधारमा जोखिमको व्यवस्थापन गर्ने वा गराउने,

(ङ) कोषका पदाधिकारी तथा कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमको लागि सिफारिस गर्ने,

(च) लेखापरीक्षण प्रतिवेदन तथा अनुगमनबाट प्राप्त कैफियत सुधार गर्ने वा गराउने,

(छ) ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम गर्नु पर्ने कार्य नगर्ने वा गर्न नहुने कार्य गर्ने पदाधिकारी वा कर्मचारीलाई प्रभावकारी, अनुपातिक तथा निरोधात्मक कारबाहीको लागि सिफारिस गर्ने,

(ज) कोषबाट सम्पादित कार्य प्रभावकारी रहे वा नरहेको सम्बन्धमा कम्तीमा त्रैमासिक रूपमा समीक्षा, मूल्याङ्कन तथा अनुगमन गरी आवश्यक सुधार गर्ने वा गराउने,

(झ) यस कार्यविधिसँग सम्बन्धित विषयलाई कोषको वार्षिक कार्यक्रम तथा प्रतिवेदनमा समावेश गराउने, र

(ञ) सम्पादित कार्यको त्रैमासिक प्रगति प्रतिवेदन सञ्चालक समिति समक्ष पेस गर्ने।

(३) जोखिम व्यवस्थापन तथा अनुगमन समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(४) जोखिम व्यवस्थापन तथा अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा कर्मचारीलाई बैठकमा आमन्त्रित गरी सहयोग लिन सक्नेछ।

(५) जोखिम व्यवस्थापन तथा अनुगमन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>उच्च व्यवस्थापन समूहको जिम्मेवारी:</u> सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा कोषको उच्च व्यवस्थापन समूहको जिम्मेवारी देहाय बमोजिम रहनेछ:-

(क) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि कार्यान्वयन सुनिश्चित गर्ने,

(ख) कोषमा कार्यरत सबै कर्मचारीलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी तालिमको सुनिश्चितता गर्ने,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण नीति तथा कार्यविधिको कार्यान्वयन प्रभावकारी रूपमा भए वा नभएको सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(घ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि पुनरावलोकन तथा स्वीकृतिको लागि सिफारिस गर्ने,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि कार्यान्वयन गर्न स्रोत साधनको व्यवस्था, उपयुक्त कार्यस्थल, आवश्यक सूचना वा स्रोतमाथिको पहुँच र प्रभावकारी तथा दक्षतापूर्वक सीमा कारोबार तथा शङ्कास्पद कारोबार वा गतिविधिको पहिचान सुनिश्चित गर्ने,

(च) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि कार्यान्वयन गर्ने सम्बन्धमा सञ्चालक समितिबाट समय समयमा प्राप्त निर्देशन पालना गर्ने तथा सो सम्बन्धमा आफूलाई प्राप्त स्वविवेकीय अधिकारको प्रयोग गर्ने।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "उच्च व्यवस्थापन समूह" भन्नाले कोषको कार्यालय, विभाग, महाशाखा वा शाखाको प्रमुख सम्झनु पर्छ र सो शब्दले कोषमा कार्यरत अधिकृत आठौंस्तर र सोभन्दा माथिल्लो तहको कर्मचारीलाई समेत जनाउँछ।

६. <u>सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण इकाई:</u> (१) कोषले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यलाई व्यवस्थित गर्न कार्यान्वयन अधिकारी प्रमुख रहने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण इकाईको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिमको इकाईमा आवश्यक कर्मचारी तथा अन्य सुविधाको प्रबन्ध मानव संसाधन तथा सूचना व्यवस्थापन विभागले गर्नेछ।

७. <u>कार्यान्वयन अधिकारीको जिम्मेवारी</u>: (१) कोषको कार्यकारी निर्देशकले व्यवस्थापन तहको कुनै कर्मचारीलाई कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) तोक्नेछ।

(२) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम कार्यान्वयन अधिकारीको जिम्मेवारी देहाय बमोजिमको रहनेछ:-

(क) कोषमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, निर्देशन तथा यस कार्यविधिको पालना गर्ने वा गराउने,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको सम्बन्धमा कोषको सम्पर्क बिन्दु (फोकल पोइन्ट) को रूपमा कार्य गर्ने,

(ग) शङ्कास्पद कारोबार वा गतिविधिको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्ने वा गराउने तथा अस्वाभाविक तथा शङ्कास्पद कारोबार वा गतिविधिका सम्बन्धमा जाँचबुझ, थप अध्ययन तथा विश्लेषण गरी सोको निरूपण गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्ने क्रममा अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिने वा आवश्यक कागजात, विवरण वा सूचना प्राप्त गर्ने,

(ङ) उच्चपदस्थ व्यक्ति, सूचीकृत व्यक्ति, समूह, सङ्गठन समेतको अद्यावधिक सूची कायम गर्ने,

(च) उच्चपदस्थ व्यक्ति र आवश्यक भए निजको परिवारको सदस्य तथा सम्बद्ध व्यक्तिको कोषसँगको कारोबारको विवरण तयार गरी जोखिम विश्लेषण गर्ने,

(छ) सीमा वा शङ्कास्पद कारोबार वा गतिविधिको प्रतिवेदन तयार गरी निर्धारित समयभित्र पठाउने,

(ज) तयार वा पेस गरेको सीमा वा शङ्कास्पद कारोबार वा गतिविधिको प्रतिवेदनमा सूचना वा जानकारी, सम्बन्धित निकाय बाहेक अन्य कसैले प्राप्त गर्न नसक्ने व्यवस्था गर्ने,

(झ) ऐन, नियमावली, निर्देशन बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि सिफारिस गर्ने,

(ञ) शङ्कास्पद कारोबार वा गतिविधिको प्रतिवेदनको गोपनीयता कायम गर्न आवश्यक व्यवस्था मिलाउने।

८. <u>कोषमा कार्यरत कर्मचारीको जिम्मेवारी</u>ः सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा कोषमा कार्यरत कर्मचारीको जिम्मेवारी देहाय बमोजिम रहनेछः-

(क) ऐन, नियमावली, निर्देशन तथा यस कार्यविधि बमोजिमको कार्य गर्ने,

(ख) समयबद्ध रूपमा सीमा तथा शङ्कास्पद कारोबार वा गतिविधिको सूचना तयार गरी कार्यान्वयन अधिकारी समक्ष पेस गर्ने,

(ग) वार्षिक कार्यक्रममा समावेश गर्नु पर्ने विषय तयार गरी कार्यान्वयन अधिकारी समक्ष पेस गर्ने,

(घ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा सम्बन्धित अधिकारीले तोकेका अन्य कार्य गर्ने।

परिच्छेद-३

<u>जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

९. <u>जोखिम पहिचान तथा मूल्याङ्कनः</u> (१) जोखिम व्यवस्थापन तथा अनुगमन समितिले ऐनको दफा ७घ. र ३५ बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कोषको जोखिम पहिचान तथा मूल्याङ्कन गरी जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्नेछ।

(२) जोखिम व्यवस्थापन तथा अनुगमन समितिले प्रत्येक वर्षको पहिलो त्रैमासभित्र उपदफा (१) बमोजिम गरिएको जोखिम पहिचान तथा मूल्याङ्कन र सोको प्रतिवेदन अद्यावधिक गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा सोको प्रतिवेदनलाई अद्यावधिक गर्दा देहायका विवरण तथा कागजातलाई आधार लिइनेछः-

(क) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) कोषको व्यावसायिक सम्बन्ध, कारोबारको सीमा र प्रकृति,

(घ) कोषको ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था र सोको अवस्था।

(४) कोषले जोखिम मूल्याङ्कन गर्दा आफ्नो सेवा, ग्राहक, कारोबार, सामाजिक सुरक्षा योजना (स्कीम), भौगोलिक क्षेत्र लगायतमा हुन सक्ने जोखिम पहिचान तथा विश्लेषण गरी सोको मूल्याङ्कन गर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम तयार गरिएको जोखिम मूल्याङ्कन प्रतिवेदनलाई जोखिम व्यवस्थापन तथा अनुगमन समितिले सञ्चालक समितिमा पेस गर्नेछ।

१०. <u>जोखिम वर्गीकरण:</u> (१) दफा ९ बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गरिनेछ।

(२) दफा ९ बमोजिम गरिएको जोखिम पहिचान तथा मूल्याङ्कनको आधारमा कोषका ग्राहकको प्रकृति, पृष्ठभूमि, कारोबारको उद्देश्य तथा रकम समेतका आधारमा प्रत्येक ग्राहकलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गरिनेछ।

११. <u>जोखिम व्यवस्थापन:</u> (१) दफा ९ बमोजिम गरिएको जोखिम पहिचान तथा मूल्याङ्कनबाट देखिएको जोखिमको स्तरको आधारमा ग्राहक पहिचान, व्यवस्थापन तथा जोखिमको न्यूनीकरण गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ।

(२) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी जोखिम न्यूनीकरण गर्न कोषले देहाय बमोजिमको थप व्यवस्था गर्नेछः-

(क) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको जोखिम तथा नियन्त्रणको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन तथा विकासको नियमित जानकारी राख्ने,

(ख) सम्पत्ति शुद्धीकरणको सम्बन्धमा कर्मचारी तथा व्यवस्थापन बीचमा नियमित ज्ञान आदान-प्रदान कार्यक्रम सञ्चालन गरी क्षमता विकास गर्ने,

(ग) नगद कारोबारलाई निरूत्साहन गर्ने तथा शङ्कास्पद कारोबार वा गतिविधिको शीघ्र अध्ययन तथा विश्लेषण गरी निरूपण गर्ने,

(घ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको सम्बन्धमा सम्बन्धित ऐन, नियमावली तथा निर्देशन र कोषको आन्तरिक व्यवस्था पालनाको अवस्था सम्बन्धमा आन्तरिक तथा बाह्य लेखापरीक्षकबाट प्रतिवेदन प्राप्त गरी कार्यान्वयन गर्ने वा गराउने।

१२. जोखिम मूल्याङ्कन तथा समीक्षा प्रतिवेदनः कार्यान्वयन अधिकारीले जोखिम मूल्याङ्कन तथा समीक्षा सम्बन्धी त्रैमासिक प्रतिवेदन अनुसूची बमोजिमको ढाँचामा तयार गरी प्रत्येक त्रैमास समाप्त भएको पन्ध्र दिनभित्र नेपाल राष्ट्र बैङ्क तथा वित्तीय जानकारी इकाईमा पठाउनेछ।

परिच्छेद-४

ग्राहक पहिचान सम्बन्धी व्यवस्था

१३. ग्राहकको पहिचान तथा सम्पुष्टिः (१) कोषले ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचको आधारमा नियमावलीको नियम ३ बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नेछ।

(२) कोषले देहाय बमोजिमको कुनै कार्य गर्दा ऐनको दफा ७क. र नियमावलीको नियम ४ र ५ बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नेछः-

(क) कोषमा सूचीकृत हुँदा,

(ख) धितोमा आधारित कर्जा प्रवाह गर्दा,

(ग) ग्राहकको पहिचानको लागि पहिले लिएको जानकारीको सत्यता वा पर्याप्ततामा शङ्का लागि थप पुष्टि गर्नु पर्दा,

(घ) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी भएको शङ्का लागेमा थप सम्पुष्टि गर्नु पर्दा,

(ङ) नियमनकारी निकायले तोकेको अन्य कुनै कार्य गर्दा।

(३) उपदफा (१) बमोजिमको माध्यमबाट ग्राहकको पहिचान तथा सम्पुष्टि गर्न सम्भव नहुँदासम्मको लागि कोषले रोजगारदाता र योगदानकर्ताको क्रमशः योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को अनुसूची-१ र अनुसूची-२ बमोजिमको विवरण तथा आवश्यक कागजात लिई ग्राहक पहिचान तथा सम्पुष्टि गर्नेछ।

१४. सूचीकृत व्यक्तिको पहिचानः (१) कोषले कोषमा सूचीकृत हुनको लागि निवेदन दिने ग्राहक ऐनको परिच्छेद ६ख. बमोजिम प्रकाशन गरिएको सूची र नियमावलीको नियम ६९ बमोजिम गृह मन्त्रालयले विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा सङ्गठनको सूची वा सोसँग सम्बद्ध कुनै व्यक्ति, समूह वा सङ्गठन रहे वा नरहेको यकिन गर्नेछ।

(२) कोषले उपदफा (१) बमोजिमको सूची वा सोसँग सम्बद्ध कुनै व्यक्ति, समूह वा सङ्गठनसँग कोषको कारोबार भए वा नभएको नियमित रूपमा यकिन गर्नेछ।

(३) सूचीकृत व्यक्ति, समूह वा सङ्गठन वा सोसँग सम्बद्ध व्यक्ति कोषमा सूचीकृत भएको वा सूचीकृत व्यक्ति, समूह वा सङ्गठनसँग सम्बन्धित सम्पत्ति कोषसँग रहेको भएमा

त्यस्तो सम्पत्ति तत्काल रोक्का राखी नियमावलीको अनुसूची-१० बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैङ्कलाई तीन दिनभित्र जानकारी गराइनेछ र सोको एक प्रति वित्तीय जानकारी इकाईलाई समेत उपलब्ध गराइनेछ।

१५. <u>वास्तविक धनी पहिचान सम्बन्धी व्यवस्थाः</u> कोषले व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्न ऐन र नियमावलीमा रहेका व्यवस्थाको अतिरिक्त देहाय बमोजिमका उपाय अपनाउन सकिनेछः-

(क) ग्राहकबाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने,

(ख) सार्वजनिक रूपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण गर्ने,

(घ) प्रचलित कानून बमोजिम राखिएको अभिलेखबाट सूचना लिने,

(ङ) व्यावसायिक रूपमा उपलब्ध तथ्याङ्क लिने, वा

(च) नेपाल सरकारका सम्बन्धित निकाय वा संस्था वा अन्य निकायबाट माग गर्ने।

१६. <u>उच्चपदस्थ व्यक्ति तथा निजको परिवारको सदस्य र सम्बद्ध व्यक्तिको पहिचानः</u> (१) ग्राहक उच्चपदस्थ व्यक्ति भए वा नभएको यकिन गर्न देहाय बमोजिमका संयन्त्र स्थापना गरिनेछः-

(क) ग्राहक सूचीकरण गर्दा, कारोबार गर्दा र विवरण नियमित रूपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र,

(ख) उच्चपदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) उच्चपदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने संयन्त्र,

(घ) उच्चपदस्थ व्यक्तिको पदीय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने संयन्त्र।

(२) उच्चपदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछः-

(क) ग्राहकबाट सूचना लिने वा स्वघोषणा गर्न लगाउने,

(ख) सार्वजनिक रूपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण गर्ने,

(घ) व्यावसायिक रूपमा उपलब्ध तथ्याङ्क लिने,

(ङ) प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको उच्चपदस्थ व्यक्ति सम्बन्धी अभिलेखबाट सूचना लिने,

(च) उच्चपदस्थ व्यक्तिको सूची कायम गर्नुपर्ने नेपाल सरकारको संस्था वा निकायबाट कम्तीमा पनि वार्षिक रूपमा सूची माग गरी सोको आधारमा समेत उच्चपदस्थ व्यक्तिको सूची तयार गर्ने।

(३) उच्चपदस्थ व्यक्तिको विवरण राख्दा देहाय बमोजिम वर्गीकरण गरी अभिलेख राखिनेछः-

(क) पदमा बहाल रहेका उच्चपदस्थ व्यक्ति,

(ख) पदमा बहाल नरहेका उच्चपदस्थ व्यक्ति,

(ग) छिमेकी वा नजिकका मुलुकको विदेशी उच्चपदस्थ व्यक्ति,

(घ) अन्य विदेशी उच्चपदस्थ व्यक्ति,

(ङ) अन्तर्राष्ट्रिय संस्थाको उच्चपदस्थ व्यक्ति।

(४) ग्राहक उच्चपदस्थ व्यक्तिको परिवार वा नजिकको सम्बन्ध भएको व्यक्ति भए वा नभएको यकिन गर्न आफूसँग ग्राहकबाट प्राप्त जानकारी तथा उपदफा (१) बमोजिम बनाइएको संयन्त्र प्रयोग गरिनेछ।

१७. <u>बृहत् ग्राहक पहिचान पद्धतिको अवलम्बन:</u> (१) ऐनको दफा ७ङ. को उपदफा (१) मा उल्लेख भएका व्यक्तिका अतिरिक्त देहाय बमोजिमका ग्राहकसँग व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्दा बृहत् ग्राहक पहिचान पद्धति अवलम्बन गरिनेछः-

(क) प्रणालीगत रूपमा महत्त्वपूर्ण र अस्वाभाविक रूपमा वा शङ्कास्पद तवरबाट कारोबार गर्ने ग्राहक,

(ख) कोषले निर्धारित गरेको सीमाभन्दा उच्च नेटवर्थ भएका ग्राहक,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी वा सम्बद्ध कसूर सम्बन्धी अपराधमा संलग्न हुन सक्ने आधार देखिएको वा शङ्का गर्नु पर्ने मनासिब कारण देखिएको ग्राहक,

(घ) भ्रष्टाचार, कर छली लगायत अन्य आपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल बसोवास वा पेशा वा व्यवसाय गरिरहेको स्थान आदिको आधारमा जोखिममा रहेका ग्राहक,

(ङ) नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक वा नयाँ वित्तीय प्रविधि वा उपकरण मार्फत् कारोबार गर्ने ग्राहक।

(२) उपदफा (१) खण्ड (ख) बमोजिमको ग्राहकको पहिचान गर्दा कोषले उच्च नेटवर्थ चरहरु (भेरियबल्स), ग्राहक पहिचान विवरण र शङ्कास्पद कारोबार वा गतिविधि सम्बन्धी सूचकहरु (रेड फ्लाग इन्डिकेटर्स) निर्धारण गर्नेछ।

(३) उपदफा (१) खण्ड (घ) बमोजिमको ग्राहकको पहिचान गर्दा कोषले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, देश, FATF को "High Risk Jurisdictions subject to a Call for Actions", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र UN Sanction List बाट प्राप्त जानकारीको आधारमा सम्बन्धित मुलुकहरूको सूची तयार गरी नियमित रूपमा अद्यावधिक गर्नेछ।

(४) उपदफा (१) बमोजिमका ग्राहकसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा नियमावलीको नियम ८ मा उल्लिखित उपायको अतिरिक्त देहायका थप उपाय अवलम्बन गरी बृहत ग्राहक पहिचान पद्धति अवलम्बन गरिनेछः-

(क) कोरोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने,

(ख) कारोबारको उद्देश्यको जानकारी वा सोको प्रमाण लिने,

(ग) कारोबारको अनुगमन गर्ने प्रयोजनको लागि सीमा निर्धारण गर्ने वा अन्य कुनै उपाय अवलम्बन गर्ने,

(घ) अन्तर्राष्ट्रिय प्रचलन तथा असल अभ्यास अनुसार बृहत् ग्राहक पहिचान पद्धति गर्ने संयन्त्रको विकास गरी सो मार्फत सूचना लिने।

१८. <u>सरलीकृत ग्राहक पहिचान सम्बन्धी व्यवस्थाः</u> (१) जोखिम कम देखिएका ग्राहक वा कारोबारको सम्बन्धमा सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी व्यवस्था अपनाइनेछ।

(२) सरलीकृत ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्न देहाय बमोजिमको व्यवस्था गरिनेछः-

(क) सरलीकृत ग्राहक पहिचानका लागि उपयुक्त पद्धतिको विकास गर्ने,

(ख) सरलीकृत पहिचान पद्धति अपनाइएका ग्राहकको छुट्टै विवरण राख्ने,

(ग) सरलीकृत पहिचान गर्दा छुट्टै फारामको विकास गर्ने,

(घ) सरलीकृत पहिचान तथा सम्पुष्टि सम्बन्धमा नियमनकारी निकायले निर्धारण गरेका अन्य मापदण्ड अपनाउने,

(ङ) सरलीकृत वर्गीकरणमा परेका ग्राहकको सूचीकरण गर्ने, कारोबार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया, फाराम र विवरणको मात्र प्रयोग गर्ने।

(३) नियमनकारी निकायद्वारा सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा निर्धारण गरेका अन्य मापदण्ड अवलम्बन गरिनेछ।

१९. <u>निरन्तर अनुगमन गरिने:</u> ऐनको दफा ७झ. बमोजिम कोषको विभाग, कार्यालय र कार्यान्वयन अधिकारीले ग्राहक, वास्तविक धनी वा त्यस्तो ग्राहक, वास्तविक धनीसँग गरिने कारोबारका सम्बन्धमा देहाय बमोजिम निरन्तर अनुगमन (अनगोइङ डयु डिलिजेन्स) गर्नेछ:-

(क) ग्राहकका सम्बन्धमा प्राप्त जानकारी वा जोखिम सम्बन्धी विवरण अनुरूप कारोबार भए वा नभएको सुनिश्चित गर्न निजसँग व्यावसायिक सम्बन्ध कायम रहेसम्म सूक्ष्म परीक्षण गर्ने,

(ख) खण्ड (क) बमोजिम सूक्ष्म परीक्षण गर्न आवश्यक भए थप कागजात समेत माग गर्ने वा परीक्षण गर्ने,

(ग) उच्चपदस्थ व्यक्ति वा उच्च जोखिमयुक्त ग्राहकसँगको व्यावसायिक सम्बन्ध, कारोबार तथा वास्तविक धनीसँग सम्बन्धित कागजात तथा विवरण अद्यावधिक भएको सुनिश्चित गर्न मौजुदा कागजात तथा विवरणको पुनरावलोकन गरी अद्यावधिक गर्ने,

(घ) नियमनकारी निकायले निर्धारण गरे बमोजिमको अन्य कार्य गर्ने।

२०. <u>ग्राहक पहिचान अद्यावधिक गरिने:</u> (१) उच्च जोखिम देखिएका ग्राहकको प्रत्येक वर्ष, मध्यम जोखिम देखिएका ग्राहकको प्रत्येक तीन वर्षमा र न्यून जोखिम देखिएका ग्राहकको अन्यथा आवश्यक नभएमा प्रत्येक पाँच वर्षमा ग्राहक पहिचान अद्यावधिक गरिनेछ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह रोजगारगाताको रुपमा रहेकोमा त्यस्तो रोजगारदाताको पहिचान अद्यावधिक गर्न आवश्यक हुने छैन।

(२) ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनु पर्ने सूचना वा जानकारीको लागि आवश्यक न्यूनतम विवरण लिइनेछ।

(३) ग्राहकको पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दा समेत सम्पर्क हुन नसकेका ग्राहकको छुट्टै विवरण तयार गरिनेछ।

२१. <u>प्रविधिगत पहिचान तथा सूचना सङ्कलनको प्रणालीगत व्यवस्था:</u> ग्राहक तथा वास्तविक धनी लगायतका व्यक्तिको आधारभूत सूचना तथा कागजात सहितका अन्य विवरण जोखिमका आधारमा नियमित रूपमा विद्युतीय प्रविधिको प्रयोग गरी अद्यावधिक गरिनेछ र सो कार्यका लागि सूचना प्रविधि पोर्टल विकास गरी कार्यान्वयन गरिनेछ।

परिच्छेद-५

<u>सीमा तथा शङ्कास्पद कारोबार वा गतिविधिको प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्था</u>

२२. <u>अस्वाभाविक तथा शङ्कास्पद कारोबार वा गतिविधिको विश्लेषण:</u> अस्वाभाविक तथा शङ्कास्पद देखिएको कारोबारको सम्बन्धमा सम्बन्धित विभाग, कार्यालय तथा कार्यान्वयन अधिकारीले थप

अध्ययन तथा विश्लेषण गरी वित्तीय जानकारी इकाईमा प्रतिवेदन पेस गर्न सम्बद्ध विवरण तथा कागजात तयार गर्नेछ।

२३. <u>सीमा कारोबार पहिचान तथा जानकारी:</u> (१) ग्राहकको खातामा एकै पटक वा पटक-पटक गरी नेपाली क्यालेण्डर अनुसारको एक महिनामा दश लाख रुपैयाँ वा सोभन्दा बढी रकम जम्मा वा भुक्तानी भएमा कारोबार भएको मितिले पन्ध्र दिनभित्र वित्तीय जानकारी इकाईमा सीमा कारोबार प्रतिवेदन पेस गरिनेछ।

(२) उपदफा (१) बमोजिम सीमा कारोबारको प्रतिवेदन पेस गर्दा वित्तीय जानकारी इकाईले निर्धारण गरेको ढाँचा, पद्धति तथा कार्यविधि बमोजिम विद्युतीय माध्यमबाट पेस गरिनेछ।

२४. <u>शङ्कास्पद कारोबार वा गतिविधि पहिचान तथा जानकारी:</u> (१) कोषको विभाग तथा कार्यालयले ऐनको दफा ७ध. बमोजिम कोषका ग्राहक, कारोबार वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भएमा तत्काल कार्यान्वयन अधिकारीलाई शङ्कास्पद कारोबार वा गतिविधि सम्बन्धी विवरण दिनेछ:-

(क) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी कुनै कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा, वा

(ख) कुनै सम्पत्ति आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी सङ्गठन वा आतङ्ककारी कार्यमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा सङ्गठनबाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा।

(२) उपदफा (१) बमोजिमको शङ्कास्पद कारोबार वा गतिविधि सम्बन्धी विवरण ग्राहकले कुनै कारोबार गर्ने प्रयास मात्र गरेमा समेत दिइनेछ।

२५. <u>अस्वाभाविक कारोबारको जानकारी गराइने:</u> (१) कोषको सम्भाव्यताको प्रकृति तथा कारोबारको प्रवृत्तिभन्दा अस्वाभाविक कारोबार भएमा सो कारोबारको सम्बन्धमा थप अध्ययन गरी सो सम्बन्धमा सम्बन्धित विभाग तथा कार्यालयले शङ्का निवारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम शङ्का निवारणको क्रममा त्यस्तो कारोबारमा रहेको शङ्का निवारण नभएमा वा कारोबारको सम्बन्धमा थप अध्ययन आवश्यक देखिएमा आवश्यक विवरण सहित कार्यान्वयन अधिकारीलाई जानकारी गराउनु पर्नेछ।

२६. <u>वित्तीय जानकारी इकाईमा प्रतिवेदन पठाउनु पर्ने</u>: (१) कार्यान्वयन अधिकारीले शङ्कास्पद कारोबार वा गतिविधिको सम्बन्धमा प्राप्त जानकारी तथा गरेको थप विश्लेषणको आधारमा शङ्कास्पद कारोबार वा गतिविधिको प्रतिवेदन तत्काल वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शङ्कास्पद कारोबार वा गतिविधिको प्रतिवेदन पेस गर्दा वित्तीय जानकारी इकाईले निर्धारण गरेको ढाँचा, पद्धति तथा कार्यविधि बमोजिम विद्युतीय माध्यमबाट पठाउनु पर्नेछ।

<u>परिच्छेद-७</u>

<u>विविध</u>

२७. <u>स्रोत उल्लेख गर्ने व्यवस्था गर्ने:</u> (१) कोषले कुनै पनि ग्राहकबाट एक पटकमा दश लाख रुपैयाँ भन्दा बढी रकम प्राप्त हुन आएमा त्यस्तो रकमको स्रोत उल्लेख गर्नु पर्ने प्रणालीगत व्यवस्था गर्नेछ।

(२) कोषले आवश्यकताको आधारमा सम्बन्धित ग्राहकबाट आयको स्रोत पुष्टि गर्ने थप कागजात तथा विवरण माग गर्न सक्नेछ।

२८. <u>गोपनीयता कायम गर्नु पर्ने:</u> (१) यस कार्यविधि बमोजिम ग्राहकको पहिचान, कारोबार तथा अन्य विवरण जुन प्रयोजनको लागि प्राप्त भएको हो सोको लागि मात्र प्रयोग हुने सुनिश्चित गरी त्यस्तो विवरणको गोपनीयता कायम राखिनेछ।

(२) कोषसँग रहेको ग्राहकको पहिचान, कारोबार तथा अन्य विवरण प्रचलित कानून बमोजिम कुनै निकायबाट माग भएको अवस्थामा बाहेक अन्यत्र कतै खुलाइने छैन।

(३) कुनै ग्राहकको कारोबारको सम्बन्धमा शङ्का लागि थप अध्ययन कार्य अघि बढेमा सो सम्बन्धमा सम्बन्धित ग्राहकलाई जानकारी नहुने गरी गोपनीयता कायम गरिनेछ।

२९. <u>जानकारी दिने तथा रोक्का वा फुकुवा गर्ने:</u> (१) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्यमा वित्तीय लगानी तथा सम्बद्ध कसूरको अनुसन्धान वा कानून कार्यान्वयनको क्रममा कुनै निकायबाट सूचना वा जानकारी माग भएमा माग बमोजिमको सूचना वा जानकारी उपलब्ध गराइनेछ।

(२) कसूरको अनुसन्धानको क्रममा कोषको कुनै ग्राहकको खाता रोक्का राख्ने आदेश भएमा सो अनुरूप गर्ने र त्यसरी रोक्का गरिएको खाता सो निकायको आदेशमा मात्र फुकुवा गर्ने कार्य सम्बन्धित विभाग तथा कार्यालयले गर्नेछ। त्यसको लागि सम्बन्धित निकायसँग आवश्यक सम्पर्क तथा समन्वय गर्ने कार्य कार्यान्वयन अधिकारीले गर्नेछ।

३०. <u>अभिलेखको सुरक्षा:</u> ग्राहकको पहिचान, कारोबार, शङ्कास्पद तथा अस्वाभाविक कारोबार, सीमा कारोबार लगायतको सम्बन्धमा गरिएको अध्ययन, विश्लेषण तथा प्रतिवेदन लगायत सम्पत्ति

शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको सम्बन्धमा भए गरेका काम कारबाहीको अभिलेख सम्बन्धित विभाग, कार्यालय तथा कार्यान्वयन अधिकारीले ऐन बमोजिम कम्तीमा पाँच वर्ष सुरक्षित राख्नेछ।

३१. आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने: कोषको सञ्चालक समितिले ऐन, नियमावली तथा निर्देशन पालनाको लागि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागू गर्नेछ।

३२. संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम गर्ने: (१) संस्थागत क्षमता अभिवृद्धिको लागि कोषले वर्षको कम्तीमा एक पटक कोषका उच्च व्यवस्थापन तह र सो भन्दा माथिका कर्मचारी वा पदाधिकारी, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण इकाईमा कार्यरत कर्मचारी तथा सम्बन्धित अन्य कर्मचारीलाई समावेश गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी विषयमा क्षमता अभिवृद्धि कार्यक्रम वा ज्ञान आदान प्रदान कार्यक्रम आयोजना गर्नेछ।

(२) कोषले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा कर्मचारीको क्षमता अभिवृद्धिका लागि स्वदेशी वा विदेशी तालिम तथा प्रशिक्षण कार्यक्रममा सहभागी हुने व्यवस्था मिलाउनेछ।

३३. कार्यविधि कार्यान्वयनको अनुगमन: कोषको मानव संसाधन हेर्ने विभागले यस कार्यविधिको कार्यान्वयनको अवस्थाको नियमित रूपमा अनुगमन गर्नेछ।

३४. ऐन, नियमावली तथा निर्देशन बमोजिम हुने: सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा समेत कोषले ऐन, नियमावली तथा निर्देशन बमोजिमको दायित्व निर्वाह गर्ने गरी आवश्यक काम कारबाही गर्नेछ।